श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२९ सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### पानीजहाज दर्ता ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– पानीजहाज दर्ता ऐन, २०२७ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "पानीजहाज दर्ता (पहिलो संशोधन) ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :–

"(ङ) "रजिष्ट्रार" भन्नाले यस ऐनको दफा ४ को उप-दफा (३) बमोजिम नियुक्त भएको रजिष्ट्रार सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा २४ मा संशोधनः– मूल ऐनको दफा २४ को उप-दफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) दफा ४ वा ५ मा उल्लिखित शर्तहरूको पालना नभएमा ।"

४. मूल ऐनमा दफा २४क. थपः– मूल ऐनको विविध शीर्षक अन्तर्गत देहायको दफा २४ क. थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२४क. श्री ५ को सरकारले निरीक्षण गराउन वा विवरण माग गर्न सक्ने:–

(१) श्री ५ को सरकारले जुनसुकै बखत अधिकृतहरूको टोली खटाई यस ऐन बमोजिम दर्ता भएको नेपाली पानीजहाजको निरीक्षण तथा त्यस्तो पानी जहाज संचालनको व्यवस्था गर्ने संगठित संस्थाको काम कारवाईको जांच पडताल गर्न सक्नेछ ।

(२) यस ऐनबमोजिम पानीजहाज संचालनको व्यवस्था गर्ने संगठित संस्थाको काम कारवाई सम्बन्धी आवश्यक विवरण तथा कार्य प्रगति सम्बन्धी प्रतिवेदन पेश गर्न श्री ५ को सरकारले घटिमा पन्ध्र दिनको म्याद तोकी आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएमा त्यस्तो विवरण वा प्रतिवेदन पेश गर्नु सम्बन्धित संगठित संस्थाको प्रमुख व्यक्तिको कर्तव्य हुनेछ ।"

५. मूल ऐनको दफा २५ मा संशोधन:– मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छ:–

"२५. दण्ड सजाय:– (१) दफा ४ को उप-दफा (१) बमोजिम पानीजहाज दर्ता गर्न झुट्ठा विवरण दाखिल गरेमा त्यस्तो पानीजहाजको धनीलाई र दफा १५ वा दफा २४क. को विपरित काम कारवाई गर्ने व्यक्तिलाई पचास हजार रूपैयां-सम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ र त्यस्तोमा सम्बन्धित पानीजहाजको नेपाल अधिराज्यको व्यापारिक पानीजहाजको झण्डा प्रयोग गर्ने अधिकार झिक्न वा केही अवधिको लागि निलम्बन गर्न समेत सकिनेछ ।

(२) दफा १९ बमोजिम पानीजहाजमा लेख्नु पर्ने नाम र दर्ताको स्थान नलेखेमा वा अनधिकृत नाम लेखिएमा वा रजिष्ट्रारको अनुमति बिना पानीजहाजको नाम बदलेमा त्यस्तो पानीजहाजको धनीलाई दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा २४ को उप-दफा (२) बमोजिम रजिष्ट्रारलाई सूचना नगर्ने पानी-जहाजको धनीलाई दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।"

६. मूल ऐनमा परिच्छेद भन्ने शब्दहरू थप:– मूल ऐनको दफा १३ पछि रहेको "राष्ट्रियताको प्रमाणपत्र", दफा १८ पछि रहेको "पानीजहाजको नाम र दर्ताको स्थान", दफा २० पछि रहेको "पानीजहाजको हस्तान्तरण", दफा २३ पछि रहेको "दर्ता बदर" र दफा २५ पछि रहेको "विविध" भन्ने शीर्षकहरूमाथि क्रमश: "परिच्छेद–५" "परिच्छेद–६", "परिच्छेद–७", "परिच्छेद–८", र "परिच्छेद–९" भन्ने शब्द र अंक थपिएको छ ।

लालमोहर सदर मिति– २०२९।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।